## मिति २०८३ साल असार ५ गते शुक्रबार बसेको

## मन्थली नगरपालिकाको कार्यपालिकाको ५९ औं बैठकका निर्णयहरु

**निर्णय नं. १**

कार्यपालिकाको अघिल्लो ५८ औं वैठकमा भएका निर्णय र सो सम्बन्धमा भएका कार्यप्रगतिका वारेमा समीक्षा गरियो। निर्णय कार्यान्वयनको अवस्था सन्तोषजनक रहेको पाईयो।

**निर्णय नं. २**

मन्थली नगरपालिकाको आगामी आ.व. २०८३/८४ को नीति तथा कार्यक्रम परिमार्जन सहित पारित गरी आगामी नगर सभामा पेश गर्ने।

**निर्णय नं. ३**

मन्थली नगरपालिकाको आर्थिक विधेयक २०८३ परिमार्जन सहित पारित गरी आगामी सभामा पेश गर्ने।

**निर्णय नं. ४**

मन्थली नगरपालिकाको कृषि एम्वुलेन्स (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०८३ पारित गर्ने।

**निर्णय नं. ५**

मन्थली नगर क्षेत्रभित्र रहेका विद्यालयहरुबाट शैक्षिक सत्र २०८२ मा SEE र आधारभुत तह (कक्षा ८) को परीक्षामा ४ जिपिए प्राप्त गर्ने विद्यार्थी र ती विद्यार्थी अध्ययन गरेका विद्यालयलाई देहाय बमोजिमको पुरस्कार सहित सम्मान गर्ने।

(क) SEE परीक्षामा ४ जिपिए प्राप्त गर्ने विद्यार्थी प्रति विद्यार्थी नगद रु २००००।– (वीस हजार रुपैया) नगद र प्रशंसा पत्र।

(ख) आधारभुत तह (कक्षा ८) को परीक्षामा ४ जिपिए प्राप्त गर्ने प्रति विद्यार्थी नगद रु ५०००।– (पाँच हजार रुपैया) नगद र प्रशंसा पत्र।

(ग) ४ जिपिए प्राप्त विद्यार्थी अध्ययन गरेका विद्यालयलाई सम्मान पत्र।

**निर्णय नं. ६**

वागमती प्रदेशस्तरीय दौड प्रतियोगितामा उत्कृष्ट स्थान हासिल गर्ने मन्थली नगरपालिका वडा नं. ४ निवासी भगवती खड्कालाई नगर सभाको दिन प्रशंसा पत्र सहित सम्मान गर्ने।

**निर्णय नं. ७**

मन्थली नगरपालिकाको स्थानीय पाठ्यक्रम निर्माणका लागि गठित पाठ्यक्रम निर्माण कार्यदलले तयार गरी पेश गरेको स्थानीय पाठ्यक्रम २०८३ पारित गरी कार्यान्वयनमा लैजाने।

देवर्षि सापकोटा

**निर्णय नं. ८**

मन्थली नगरपालिकाबाट तयार भएको नगर शिक्षा योजना २०८३ पारित गर्ने ।

**निर्णय नं. ९**

मन्थली नगरपालिकाका सबै वडाहरुमा वडा विपद व्यवस्थापन समितिको वैठक राखी विपद प्रतिकार्यका लागि तयारी रहन वडा कार्यालयहरुलाई निर्देशन दिने ।

**निर्णय नं. १०**

मन्थली नगरपालिकाको मनपा ४ सालु स्वास्थ्य चौकीमा कार्यरत ज.स्वा.नि. (अधिकृत छैठौ) रमेश रसाइलीलाई European College of Innovation (ECI) मा 06/07/2026 देखि 06/07/2027 सम्म एक वर्षको Diploma in Health and Social care Management) अध्ययनका लागि स्वीकृत पत्र प्राप्त भएको भनी अध्ययन विदाका लागि निवेदन प्राप्त भएकाले निजलाई वागमती प्रदेश सरकारबाट जारी स्थानीय सेवा गठन तथा सञ्चालन ऐन २०७९ को दफा ६० बमोजिम अध्ययन अवधिभर एक वर्षका लागि असाधारण विदा उपलब्ध गराउन कार्यालयलाई निर्देशन दिने ।

**निर्णय नं. ११**

मन्थली नगरपालिकामा कार्यरत अस्थायी करार तथा ज्यालादारी लगायतका कर्मचारीहरुलाई नेपाल सरकारको मिति २०८२/१/१ को राजपत्र अनुसार सामाजिक सुरक्षा कोषमा आवद्ध गराई नियमित योगदान रकम जम्मा गर्नु हुन भनी महिला बालबालिका लैङ्गिक तथा यौनिक अल्पसंख्यक र सामाजिक सुरक्षा मन्त्रानलयको च.नं ११८६ मिति २०८३/३/४ को पत्रको कार्यान्वयनको सन्दर्भमा मन्थली नगरपालिकाको कर्मचारी समायोजन प्रयोजनका लागि तत्कालीन संघीय सरकारले उपलब्ध गराएको दरबन्दी विवरण दशौ नगरसभाबाट तयार गरिएको दरबन्दी विवरण र हाल कार्यरत अस्थायी करार ज्यालादारी कर्मचारीको संख्या र कर्मचारीको प्रकार तथा प्रकृतिको विस्तृत विवरण सहित सामाजिक सुरक्षा कोष कार्यान्वयनका लागि थप राय माग गरी प्राप्त राय तथा निर्देशन बमोजिम कार्य प्रक्रिया अगाडि वढाउन कार्यालयलाई निर्देशन दिने ।

२०८२/०३/०५

देवर्षि सापकोटा
प्रमुख प्रशासकीय अधिकृत